# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६९।६।८

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरुको नाम "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ सम्झनु पर्छ ।

३. <u>सुरक्षा माग गर्ने कार्यविधि</u>: (१) ऐनको दफा ४ बमोजिम स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले सुरक्षाको माग गर्नु परेमा सुरक्षा माग गर्नु पर्नाको कारण सहित तत्काल छिटो तथा प्रभावकारी माध्यमबाट स्थानीय प्रशासनसंग सुरक्षा माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले सुरक्षा माग गरेमा स्थानीय प्रशासनले तत्कालीन अवस्थाको मूल्यांकन गरी मनासिब अवधिको लागि त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको निमित्त आवश्यकतानुसार सुरक्षाकर्मी समेत खटाई सुरक्षाको व्यवस्था गरिदिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको सुरक्षाको लागि सुरक्षाकर्मी खटाउनु परेमा वा ऐनको दफा ४ को उपदफा (५) बमोजिम कुनै स्वास्थ्य संस्थामा स्थायी सुरक्षाको व्यवस्था गर्नु परेमा सो प्रयोजनको लागि खटिने सुरक्षाकर्मीको लागि खाने तथा बस्ने व्यवस्था सम्बन्धित स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले गर्नु पर्नेछ ।

४. <u>सञ्चार साधन राख्न र प्रयोग गर्न स्वीकृति दिन सक्ने</u>: प्रचलित कानून बमोजिम स्थापित कम्तीमा पचास शैया भएका स्वास्थ्य संस्थाले त्यस्तो संस्था तथा सो संस्थामा कार्यरत स्वास्थ्यकर्मीको सुरक्षाको लागि स्थानीय प्रशासनको सिफारिस सहित आवश्यक सञ्चार साधन राख्न र प्रयोग गर्न मन्त्रालयमा स्वीकृति माग गरेमा मन्त्रालयले सूचना तथा सञ्चार मन्त्रालयको सहमतिमा त्यस्तो स्वास्थ्य संस्थालाई निजले माग गरे बमोजिमको सञ्चार साधन राख्न र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

५. <u>समितिको बैठक र निर्णय</u>: (१) समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।



(३) समितिको सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची कम्तीमा दुई दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>समितिको अन्य काम, कर्तव्य र अधिकार</u>: ऐनमा उल्लिखित काम, कर्तव्य अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहा बमोजिम हुनेछः-

(क) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सम्बन्धी अभिलेख राख्न अभिलेखमा खुलाउनु पर्ने विवरणहरु निर्धारण गर्ने,

(ख) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको बद्नियत वा गम्भीर लापरब भएको मानिने अवस्था निर्धारणको लागि आवश्यक आधार त मापदण्ड बनाउने,

(ग) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था उपर क्षतिपूर्ति माग गरी अदालत दायर भएको मुद्दाको प्रतिरक्षा गर्दा समितिले व्यहोर्ने खर्च सम्ब मापदण्ड र रकमको सीमा निर्धारण गर्ने,

(घ) स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने आकस्मिक घटना द नदिनको लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले अवलम्बन गर्नु पूर्व सावधानीका सम्बन्धमा र लापरबाही हुन नदिने विष स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई जानकारी गराउने,

(ङ) समितिले सम्पादन गरेको काम कारबाहीको सम्बन्धमा बा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(च) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धमा अन्य आव काम गर्ने ।

७. <u>नाम दर्ता गराउने सम्बन्धी कार्यविधि</u>: (१) आफ्नो सुरक्षाको लागि समि नाम दर्ता गराउन चाहने स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले ऐनको दफा उपदफा (२) बमोजिमको कागजात र निवेदन दस्तुर वापत पाँच सय संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम दर्ता गराउन मनासिब देखिएमा समितिले त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम क्रमशः अनुसूची-२ र अनुसूची-३ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको नामावली समितिले अद्यावधिक गरी राख्नु पर्नेछ ।

८. <u>दर्ताको प्रमाणपत्र दिने:</u> नियम ७ बमोजिम स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको नाम दर्ता गरिसके पछि समितिले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

९. <u>दस्तुर बुझाउनु पर्ने:</u> (१) नियम ७ बमोजिम समितिमा नाम दर्ता गराउने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले क्रमशः अनुसूची-५ र अनुसूची-६ बमोजिमको वार्षिक दस्तुर अग्रीम रुपमा असार मसान्तभित्र समितिमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटक नाम दर्ता गराउने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले नाम दर्ता गराउँदाको अवस्थामा नै सो उपनियम बमोजिम लाग्ने दस्तुर समितिमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गैरसरकारी स्वास्थ्य संस्थाले स्थायी रुपमा सुरक्षा माग गरेमा सो उपनियममा लेखिएको दस्तुरको दोब्बर दस्तुर अग्रीम रुपमा समितिमा बुझाउनु पर्नेछ ।

(४) समितिले यस नियम बमोजिम दस्तुर प्राप्त गरेपछि सम्बन्धित स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थालाई सोको भरपाई दिनु पर्नेछ ।

१०. <u>क्षतिपूर्ति तथा प्रतिरक्षा गर्दा लागेको खर्च माग गर्ने कार्यविधि:</u> (१) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्था उपर क्षतिपूर्ति माग गरी अदालतमा दायर भएको मुद्दामा अदालतबाट निर्धारण भएको क्षतिपूर्तिको रकम वा त्यस्तो मुद्दाको प्रतिरक्षा गर्दा लागेको मनासिव खर्च समितिसंग माग गर्ने सम्बन्धित स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले अनुसूची-७ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम क्षतिपूर्तिको रकम वा मुद्दाको प्रतिरक्षा गर्दा भएको खर्च माग गर्दा अदालतबाट मुद्दा फैसला भएको मितिले तीन महिनाभित्र निवेदन दिई सक्नु पर्नेछ ।

११. <u>कार्य सञ्चालन खर्चको हद:</u> (१) समितिको कोषमा जम्मा भएको रकमको पाँच प्रतिशतमा नबढाई समितिको कार्य सञ्चालनको लागि खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम खर्च गर्न समितिले वार्षिक कार्ययोजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

१२. <u>कोषको सञ्चालन:</u> कोषको सञ्चालन समितिको अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

१३. <u>कोषको लेखा र लेखापरीक्षण:</u> (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।



१४. <u>सम्पर्क कार्यालय वा कर्मचारी तोक्न सक्ने:</u> (१) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाको सम्बन्धमा काठमाडौं उपत्यका बाहिरका जिल्लामा समितिसंग समन्वय गरी काम गर्न मन्त्रालयले सो मन्त्रालय अन्तर्गतको कुनै कार्यालय वा सो कार्यालयको कुनै अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क कार्यालय वा व्यक्तिको रुपमा तोक्न सक्नेछ ।

(२) मन्त्रालयले समितिको काममा तोकिएको वा खटिएको कर्मचारीलाई समितिको कार्य सञ्चालनको निमित्त नियम ११ बमोजिम छुट्याइएको रकमबाट प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

१५. <u>बैठक भत्ता:</u> समिति तथा ऐनको दफा १८ बमोजिम गठन भएका उपसमितिका अध्यक्ष र सदस्यहरुले समिति तथा उपसमितिको बैठकमा भाग लिए वापत नेपाल सरकारबाट स्वीकृत भएबमोजिम बैठक भत्ता वापत पाउन सक्नेछन् ।

१६. <u>आचार संहिता बनाई लागु गर्न सक्ने:</u> (१) स्वास्थ्यकर्मीले पालना गर्नु पर्ने व्यावसायिक आचरणका सम्बन्धमा समितिको सिफरिसमा मन्त्रालयले आचार संहिता बनाई लागु गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको आचार संहिताको पालना गर्नु सम्पूर्ण स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

१७. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u> मन्त्रालयले समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची-१
(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले समितिमा नाम दर्ता गराउन दिइने निवेदनको ढाँचा

### खण्ड (क)
### स्वास्थ्यकर्मीको प्रयोजनको लागि

श्री अध्यक्षज्यू,
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

मैले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मा भएको व्यवस्था बमोजिम सुरक्षा प्राप्त गर्न चाहेकोले देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. निवेदकको,-
   (क) नाम, थर:
   (ख) स्थायी ठेगाना:
   (ग) स्वास्थ्य व्यवसायको विवरण (विषेशज्ञताको क्षेत्र तथा सेवाको क्षेत्र खुलाउने)
२. दर्ता भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्को,-
   (क) नाम:  (ख) दर्ता नम्बर:  (ग) दर्ता मिति:
३. स्वास्थ्य व्यवसायसँग सम्बन्धित,-
   (क) स्वास्थ्य संस्था,
   (ख) क्लिनिकको नाम:
   (ग) ठेगाना:

निवेदकको,-
सही:...
नाम:...
मिति:

संलग्न कागजात:
१. स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि ।
२. कुनै स्वास्थ्य संस्थामा कार्यरत रहेको भए सोको प्रमाण ।
३. आफ्नो सेवाको विशेषज्ञता दर्साउने प्रमाण ।
४. हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो ।



### खण्ड (ख)
### स्वास्थ्य संस्थाको प्रयोजनको लागि

श्री अध्यक्षज्यू,
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

यस स्वास्थ्य संस्थाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मा भएको व्यवस्था बमोजिम सुरक्षा प्राप्त गर्न चाहेकोले देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. स्वास्थ्य संस्थाको नाम र ठेगाना:
२. स्वास्थ्य संस्थाको संस्थापनाको किसिम:(सामुदायिक, निजी वा सरकारी)
३. स्वास्थ्य संस्थामा उपलब्ध बेडसंख्या
४. स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने मुख्य विशेषज्ञ सेवा:
५. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको संख्या र प्रकार:

स्वास्थ्य संस्थाको तर्फबाट निवेदन दिनेको,-

सही:
नाम:
स्वास्थ्य संस्थाको छाप  पद:

कार्यालय:
मिति :

संलग्न कागजात: सरकारी बाहेक अन्य स्वास्थ्य संस्थाको हकमा संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची -२
(नियम ७ को उपनियम (२) संग सम्बन्धित)
### स्वास्थ्यकर्मीको दर्ता किताब

फोटो

| दर्ता नम्बर | स्वास्थ्यकर्मीको | | दर्ता भएको सम्बन्धित व्यावसायिक परिषद्को | | | स्वास्थ्य व्यवसाय को विवरण | सम्बन्धित स्वास्थ्य संस्थाको नाम र ठेगाना | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | स्थायी ठेगाना | नाम | दर्ता नम्बर | मिति | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कार्यालयको छाप

दर्ता गर्ने अधिकारीको,-

सही:

नाम :

पद :

कार्यालय:

मिति :



## अनुसूची -३
(नियम ७ को उपनियम (२) संग सम्बन्धित)
### स्वास्थ्य संस्थाको दर्ता किताब

| दर्ता नम्बर | स्वास्थ्य संस्थाको | | संस्थापनको प्रकार | | | उपलब्ध गराईने मुख्य सेवा | उपलब्ध जम्मा बेड सख्या | कार्यरत स्वास्थ्य कर्मीको संख्या र प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थायी ठेगाना | सरकारी | सामुदायिक | निजी | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कार्यालयको छाप

दर्ता गर्ने अधिकारीको,-

सही :

नाम :

पद :

कार्यालय:

मिति :

अनुसूची-४
(नियम ८ संग सम्बन्धित)

स्वास्थ्यकर्मीको
हकमा निजको
फोटो

स्वास्थ्यकर्मी/स्वास्थ्य संस्था दर्ताको
प्रमाणपत्र

श्री ...........*(स्वास्थ्यकर्मी/स्वास्थ्य संस्थाको नाम)*

................................ ।

......... *(स्वास्थ्यकर्मीको हकमा सम्बन्धित व्यावसायिक परिषद्को नाम र दर्ता नम्बर)*

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ७ तथा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६८ को नियम ८ बमोजिम तपाई / त्यस स्वास्थ्य संस्थाको नाम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

प्रमाणपत्र प्रदान गर्नेको,-

सही :

नाम :

कार्यालयको छाप

पद :

कार्यालय:

मिति



फोटो

अनुसूची -५
(नियम ९ को उपनियम (१) संग सम्बन्धित)
स्वास्थ्यकर्मीले बार्षिक रुपमा बुझाउनु पर्ने दस्तुर

| सि.नं. | स्वास्थ्यकर्मीको विवरण | दस्तुर रु |
|---|---|---|
| १ | जनरल सर्जन | ११००।- |
| २ | डेण्टल सर्जन | ११००।- |
| ३ | रेडियोलोजिष्ट | ७५०।- |
| ४ | डर्माटोलोजिष्ट, लेप्रोलोजिष्ट | ७५०।- |
| ५ | साइक्याट्रिक्स | ७५०।- |
| ६ | पेडियाट्रिक्स | ७५०।- |
| ७ | अप्थल्मोलोजिष्ट | ७५०।- |
| ८ | अटोरिनोल्यारिङ्गोलोजिष्ट | ७५०।- |
| ९ | एनेस्थेसियोलोजिष्ट | ७५०।- |
| १० | अब्सट्रेटिसियन एण्ड गाइनोकोलोजिष्ट | ११००।- |
| ११ | फिजिसिष्ट | ७५०।- |
| १२ | मेडिकल जनरलिष्ट | ७५०।- |
| १३ | होमियोप्याथी चिकित्सक | ५००।- |
| १४ | जनरल मेडिसिन | ७५०।- |
| १५ | आयुर्बेद चिकित्सक | ५००।- |
| १६ | अन्य स्वास्थ्यकर्मी | ३६५।- |

बैंक : राष्ट्रिय वाणिज्य बैंक जावलाखेल
खाता : चा.हि.नं. १४३०००१८११०१
(14300018 1101)
नाम : स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा कोष।

फोटो

अनुसूची -६

(नियम ९ को उपनियम (१) संग सम्बन्धित)

स्वास्थ्य संस्थाले बार्षिक रुपमा बुझाउनु पर्ने दस्तुर

| सि.नं | विवरण | रकम |
|---|---|---|
| | प्रति शैया | रु.६०।- |



अनुसूची -७

(नियम १० को उपनियम (१) संग सम्बन्धित)

क्षतिपूर्ति तथा प्रतिरक्षा गर्दा लागेको खर्च माग गर्नको लागि दिइने

निवेदनको ढांचा

फोटो

श्री अध्यक्षज्यू,
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समिति,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

विषयः क्षतिपूर्ति वापतको रकम /प्रतिरक्षा गर्दा लागेका खर्च पाउँ ।

... जिल्ला .... न.पा./ गाउँ विकास समिति, वडा नम्बर .... बस्ने श्री .......... ले क्षतिपूर्ति माग गरी मेरो/यस स्वास्थ्य संस्थाको विरुद्धमा ......................... अदालतमा दायर गरेको मुद्दामा मैले/यस स्वास्थ्य संस्थाले .....रकम क्षतिपूर्ति बुझाउन पर्ने गरी अदालतबाट फैसला भएको/सो मुद्दामा प्रतिरक्षा गर्दा देहाय बमोजिम खर्च भएकोले सो रकम त्यस समितिबाट उपलब्ध गराई पाउन देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

(क) क्षतिपूर्ति माग गरी मुद्दा दायर गर्ने व्यक्तिको नाम, थर, वतन,
(ख) मुद्दा दायर गरेको अदालत,
(ग) अदालतबाट निर्धारण भएको क्षतिपूर्ति रकम,
(घ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले मुद्दामा प्रतिरक्षा गर्नको लागि कानून व्यवसायी नियुक्त गरेको भए निजको नाम,थर वतन,
(ङ) कानून व्यवसायीलाई पारिश्रमिक वापत भुक्तानी गरेको रकम,
(च) अदालतमा कानून बमोजिम बुझाएको दस्तुर सम्बन्धी विवरण,
(छ) कानून बमोजिम लाग्ने अन्य दस्तुर तथा खर्च,
(ज) समितिबाट सोधभर्ना माग गरेको जम्मा रकम ।

निवेदकको,-
सही :
नाम :
(स्वास्थ्य संस्था भए त्यस्तो संस्थाको नाम उल्लेख गर्ने)
मिति :

स्वास्थ्य संस्थाले निवेदन दिने भए त्यस्तो संस्थाको छाप

संलग्न कागजातहरु:

१. समितिमा दर्ता भएको प्रमाण,
२. समितिमा दस्तुर बुझाएको प्रमाण,
३. कानून व्यवसायीलाई पारिश्रमिक वापत भुक्तानी गरेको प्रमाण,
४. अदालतमा दस्तुर बुझाएको रसिद,
५. क्षतिपूर्ति निर्धारण सम्बन्धी अदालतबाट भएको फैसलाको प्रतिलिपि ।